# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

☎:{ 067 – 411101
067 – 411102
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np


पत्र संख्याः२०८०/८१
चलानी नम्बर

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

मितिः २०८१/०२/०२

**(भैंसी प्रवर्द्धन कार्यक्रम सम्वन्धी पुर्व प्रकाशित सूचना संशोधन बारे अत्यन्त जरुरी सूचना।)**

**प्रथम पटक प्रकाशन मितिः२०८१/०१/२४**

यस कार्यालयको आ.व. २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०१/१८ गतेको निर्णय वमोजिम तथा **"प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८०"** अनुसार मिति २०८१/०१/२४ मा प्रकाशित **भैंसी प्रवर्द्धन कार्यक्रम सम्वन्धी प्रस्ताव पेश गर्ने वारे सूचनामा** तपसिल बमोजिम हुनुपर्नेमा अन्यथा भएकाले सूचना संशोधन गरी पुनः प्रकाशन गरिएको छ। साथै कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषि फार्महरुले संशोधित सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगी वा म्याद नाघि पेश हुन आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।

**तपसिलः**

| क्र.स | कार्यक्रमको नाम | संख्या | कार्यालयले बहोर्ने अनुदान रकम रु | कृषकले बहोर्नुपर्ने रकम रु. | कार्यक्रम लागू हुने क्षेत्र | लक्षित वर्ग/समुह |
|---|---|---|---|---|---|---|
| १. | भैंसी प्रवर्द्धन कार्यक्रम | ११ (सच्चाईएको) | ८,००,०००।- | ८,००,०००।- | वडा नं.६ | कृषि फार्म |

**पुनश्चः** आवेदकहरुले निवेदन र संक्षिप्त कार्य-योजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेपसाइट बाट http://paiyunmun.gov.np/ डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

**शर्तहरुः-**

१. कृषकले अधिकतम १,४०,०००।- सम्मको भैंसी खरिद गरेकोमा प्रति भैंसी मुल्यमा ५०% अनुदान उपलब्ध गराइनेछ। तर गाउँपालिकाले तोकेको अधिकतम मुल्य भन्दा कम रकममा खरिद गरेमा खरिद गरेको रकमको ५०% उपलब्ध गराइने र अधिकतम मुल्य भन्दा बढिको भैंसी खरिद गरेको खण्डमा तोकिएको अधिकतम मुल्यलाई आधार मानि अधिकतम रकमको ५०% रकम अनुदान स्वरूप उपलव्ध गराईनेछ।
२. कृषकले भैंसी खरिद गर्दा नियमानुसार दर्ता भएका व्यवसायिक फर्मबाट मात्र गर्नुपर्ने छ।
३. भैंसी प्रवर्द्धन कार्यक्रम सम्वन्धीअन्य व्यवस्था पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०१/१८ गतेको निर्णय वमोजिम तथा "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८०" बमोजिम हुनेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. प्रस्ताव पेश गर्दा पशुपन्छी तथा मत्य्य विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० को अनुसूची-४ मा उल्लेखित कागजातहरु पेश गर्नुपर्ने छ। उक्त अनुसूची यसै साथ संलग्न छ।

.............................
(ई.राजीव रिमाल)
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

☎: 067 – 411101, 067 – 411102
✉: palyungapa@gmail.com
🌐: www.palyunmun.gov.np
गण्डकी प्रदेश, नेपाल।

पत्र संख्या:२०८०/८१
चलानी नम्बर

पैयूँ गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

## अनुसुची-०४
## आवश्यक कागजातहरुको सूची

१. कार्यक्रम कार्यान्वयन सम्वन्धी संक्षिप्त कार्ययोजना।

२. हस्तलिखित निवेदन।

३. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

४. आवेदक सम्वन्धित सरकारी निकायमा दर्ता/नविकरण भएको प्रमाणको प्रतिलिपि

५. कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने कागजात।

६. स्थायी लेखा नम्वर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।

७. यस कार्यक्रमका लागि अन्य कुनै निकायवाट अनुदान नलिएको स्वः घोषणा पत्र।

८. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।

..............................

(ई.राजीव रिमाल)
प्रमुख प्रशासकीय अधिकृत

CamScanner